# माटो परिक्षण मिनिल्याब स्थापना तथा सुदृढिकरण कार्यविधि, २०७५

(प्रदेश सरकार, मन्त्रीपरिषद, मिति २०७५/१०/०२ गतेको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. १, विराटनगर, नेपाल

सचिव

# माटो परिक्षण मिनिल्याब स्थापना तथा सुदृढिकरण कार्यविधि,२०७५

(प्रदेश सरकारको मिति २०७५/१०/०२ को निर्णयबाट स्वीकृत)

पृष्ठभूमी:

विभिन्न वालीवस्तुहरु लगाउने माटोमा रहेका खाद्य तत्वहरु, अम्लिय तथा क्षारियपना, प्राङ्गारिक पदार्थ आदिको अवस्था पहिचान गर्न, माटोको उर्वराशक्ति ह्रासलाई सुधार गरी विभिन्न बालीहरुको आवश्यकता अनुरुप खाद्यतत्व आपूर्ति गर्न र कृषकहरुलाई पायक पर्ने विभिन्न स्थानहरुमा माटो परिक्षण सेवा उपलब्ध गराउन आवश्यक महशुस गरी निजी तथा सरकारी साझेदारीमा माटो परिक्षण मिनिल्याव स्थापना गर्न प्रदेश सरकारको नीति तथा कार्यक्रममा अन्तरनिहित भावना अनुरुप वार्षिक कार्यक्रममा **माटो परीक्षण सेवा (Lab/Mini Lab) स्थापनामा सहयोग कार्यक्रम** कार्यान्वयन गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५को दफा ३(१) को अधिकार प्रयोग गरि प्रदेश सरकारबाट **"माटो परिक्षण मिनिल्याब स्थापना तथा सुदृढिकरण कार्यविधि,२०७५"** तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधि नाम "माटो परीक्षण मिनिल्याब स्थापना तथा सुदृढिकरण कार्यविधि,२०७५" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(१) "माटो परिक्षण मिनिल्याब" भन्नाले माटोको समस्यालाई प्रस्टयाउन माटोको उर्वराशक्ति ह्रासलाई सुधार गरी विभिन्न वालीहरुको आवश्यकता अनुरुप खाद्यतत्व आपूर्ति गर्न निश्चित स्थानमा स्थापना भएको सानो प्रयोगशाला सेवालाई बुझ्नु पर्दछ ।

(२) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय भन्ने बुझ्नु पर्दछ ।

३. उद्धेश्य:

(१) किसानहरुलाई स्थानियस्तरमा नै माटोमा जाँच सेवा उपलब्ध गराउने ।

(२) माटो विश्लेषण गरी माटो व्यवस्थापन सम्वन्धि प्रविधि सिफारिस गर्ने ।

(३) कृषि विषय अध्यापन गराउने सामुदायिक तथा सरकारी विद्यालय, कृषि प्राविधिक शिक्षालय, विश्वविद्यालय, कलेजमा माटो परीक्षण ल्याव संचालन गरी अध्ययनरत विद्यार्थीको प्राविधिक क्षमता अभिवृद्धि गर्ने ।

## परिच्छेद - २
## कार्यक्रम संचालन विधि

४. कार्यक्रम संचालन प्रक्रिया:

(१) यस कार्यक्रममा प्रदेश भित्र कृषि विषय अध्यापयन गराईरहेका सामुदायिक तथा सरकारी विद्यालय, कृषि प्राविधिक शिक्षालय. विश्वविद्यालय, कलेज तथा स्थानिय तहहरुले साझेदारीमा माटो परिक्षण ल्याव स्थापना कार्यक्रमा सहभागी हुन सक्नेछन ।

(२) कार्यक्रम संचालनको प्रमुख जिम्मेवारी कृषि विकास निर्देशनालयको रहनेछ ।

५. सूचना प्रकाशन तथा प्रस्ताव संकलन

(१) कृषि विकास निर्देशनालयले माटो परीक्षण मिनिल्याव स्थापना सम्बन्धि अनुसूची-१ बमोजिम ३० दिनको म्याद तोकि सार्वजनिक सूचना आव्हान गर्नेछ ।

(२) माटो परीक्षण मिनिल्याब स्थापना संचालन तथा सुद्बढिकरण गर्न चाहने सरकारी सामुदायिक, गैह्र नाफामूलक संस्था द्वारा संचालित विद्यालय तथा कलेज, कृषि प्राविधिक शिक्षालय. विश्वविद्यालय, कलेज तथा स्थानीय तहहरुले मिनि ल्याब स्थापना तथा संचालन कार्यक्रममा सहभागी हुन कृषि विकास निर्देशनालयमा लागत अनुमान, भौतिक संरचनाको नक्सा तथा नमूना (Drawing and Design) सहित प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) मिनिल्याव स्थापनाको प्रस्तावसँग माटो जाँच सेवाको कार्ययोजना समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(४) माटो परिक्षण मिनिल्याब स्थापनाका लागी आवश्यक भौतिक संरचना घर, जग्गा प्रस्तावकले आफै व्यवस्था गर्नुपर्नेछ । आवश्यक भौतिक संरचनाको नक्सा तथा नमूना (Drawing and Design) माटो तथा मल परीक्षण प्रयोगशालाको प्राविधिक सहयोगमा तयार गर्नुपर्नेछ ।

(५) माटो परीक्षण मिनिल्याब स्थापनाका लागि अनुसूची २ बमोजिम यन्त्र तथा उपकरणहरु खरिद गरी मिनिल्याब संचालन गर्न इच्छुक प्रस्तावदाताले मात्र प्रस्ताव पेश गर्नु पर्नेछ ।

६. प्रस्ताव छनौट तथा मुल्याङ्कन समितिः

(१) प्राप्त प्रस्तावहरुको उपयुक्तता तथा संभाव्यता जाँच गरी अन्तिम छनौटका लागी कृषि विकास निर्देशनालय प्रमुख समक्ष सिफारिस गर्न देहाय अनुसारको प्रस्ताव छनौट तथा मुल्याङ्कन समिति रहने छ।

(क) वरिष्ठ बाली विकास अधिकृत, बाली विकास तथा माटो व्यवस्थापन शाखा, कृषि विकास निर्देशनालय — संयोजक

सचिव प्रमुख सचिव

(ख) वरिष्ठ कृषि विकास अधिकृत, कृषि व्यवसाय प्रवर्द्धन तथा खाद्य सुरक्षा महाशाखा, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
सदस्य

(ग) वरिष्ठ कृषि प्रसार अधिकृत, कृषि सूचना तथा संचार शाखा, कृषि विकास निर्देशनालय सदस्य

(घ) प्रमुख, माटो तथा मल परीक्षण प्रयोगशाला, झुम्का सदस्य

(ङ) बाली विकास अधिकृत, कृषि विकास निर्देशनालय सदस्य सचिव

नोटः समितिले आवश्कता अनुसार अधिकतम २ जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ साथै माथि उल्लेखित कुनै अधिकृत नभएको स्थानमा कृषि विकास निर्देशनालयका प्रमुखले अन्य अधिकृत लाई सो जिम्मेवारी तोक्न सक्ने छन ।

७. प्रस्ताव मुल्याङ्कन, छनौटः

(१) रीतपुर्वक दर्ता भएका प्रस्तावहरु दफा ६ बमोजिमको प्रस्ताव छनौट तथा मूल्याङ्कन प्राविधिक समिति मार्फत मूल्याङ्कन प्रकृया अगाडि बढाइने छ ।

(२) प्रस्ताव छनौट तथा मूल्याङ्कन प्राविधिक समितिले आवश्यकता अनुसार प्रस्ताव खोल्नु अगाडी नै मुल्याङ्कनका आधार निर्धारण गर्न सक्नेछ।

## परिच्छेद ३

## सम्झौता र अनुदान प्रवाह प्रक्रिया

८. लागत अनुमान तथा सम्झौताः

(१) प्रस्ताव छनौट पश्चात अनुदाग्राहीले प्रस्ताव बमोजिम माटो परीक्षण मिनिल्याब स्थापनाका लागि माटो तथा मल परीक्षण प्रयोगशालाको समन्वयमा सम्वन्धित प्राविधिक मार्फत लागत इष्टिमेट तयार गरी स्विकृतिको लागि कृषि विकास निर्देशनालयमा पेश गर्नुपर्नेछ । सो लागत अनुमानमा अनिवार्य रुपमा अनुसूची १ बमोजिमका यन्त्र तथा उपकरणहरु खरिद समावेश हुनु पर्नेछ ।

(२) स्वीकृत ईष्टिमेटको आधारमा कृषि विकास निर्देशनालयले छनौट भएका मिनिल्याब प्रस्तावकहरुसँग आवश्यक सेवा तथा शर्त उल्लेख गरी सम्झौता गर्नुपर्नेछ ।

९. खर्च सम्बन्धी व्यवस्था :

(१) माटो परिक्षण मिनिल्याब स्थापना कार्यक्रम संचालनको लागि अधिकतम सात लाख रुपैया अनुदान उपलब्ध हुनेछ।

(२) अनुदानग्राहीलाई सम्झौता बमोजिमको रकम एकमुष्ट रुपमा कार्य सम्पन्न भए पछि उपलब्ध गराईनेछ।

सचिव

## परिच्छेद ४

## अनुगमन तथा विविध

१०. **तालिमको व्यवस्था:** माटो परिक्षण मिनिल्याव संचालन गर्ने प्राविधिकको तालिमका लागि माटो तथा मल परीक्षण प्रयोगशालासँग समन्वय गरी कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रले तालिमको व्यवस्थापन गर्नुपर्नेछ ।

११. **अनुगमन र मुल्याङ्कन** : मन्त्रालय, निर्देशनालय र कृषि ज्ञान केन्द्रवाट नियमित अनुगमन हुनेछ ।

१२. **प्रगति प्रतिवेदन पठाउनु पर्ने** : अनुदानग्राहीले कार्यक्रमको प्रगति प्रतिवेदन मासिक रुपमा कृषि ज्ञान केन्द्रमा पेश गर्नु पर्नेछ।

१३. **आर्थिक प्रशासन सेवा:** कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र संघिय सरकारका प्रचलित कानून बमोजिम हुनेछ ।

१४. **प्रचलित कानून लागु हुने:** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१५. बाधा अड्काउ फुकाउने (खारेजी एवं संशोधन)

(१) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

प्रमुख

सचिव

अनुसूची १

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

साझेदारीमा माटो परिक्षण मिनिल्याब स्थापना सम्बन्धी प्रस्ताव आव्हानको

सूचना ! सूचना !! सूचना !!!

आर्थिक वर्ष ......................... को कृषि विकास निर्देशनालय,.................को वार्षिक स्वीकृत कार्यक्रम अनुसार साझेदारीमा माटो परिक्षण मिनिल्याब स्थापना कार्यक्रम रहेको हुँदा ईच्छुक प्रदेश भित्र कृषि विषय अध्यापयन गराईरहेका नीजि तथा सरकारी विद्यालय, विश्व विद्यालय तथा स्थानिय तहबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र लागत अनुमान, भौतिक संरचनाको नक्सा तथा नमूना (Drawing and Design) सहित प्रस्ताव पेश गर्नु अनुरोध छ । यस सम्बन्धमा थप जानकारीको लागि कृषि विकास निर्देशनालयमा सम्पर्क गर्न सक्नु हुनेछ ।

प्रमुख सचिव

सचिव

## अनुसूची २

(दफा ५ को उपदफा (५) संग सम्बन्धित)

साझेदारीमा माटो परिक्षण मिनिल्याब स्थापनाका लागि अनिवार्य रुपमा आवश्यक यन्त्र तथा उपकरणहरु

| क.सं. | यन्त्र उपकरणको विवरण | प्रविधिक मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | डिजिटल पि.एच.मिटर थान एक | | |
| २ | मेकेनिकल स्टीरर | | |
| ३ | सेकर | | |
| ४ | वाटर डिस्टिलेशन प्लान्ट | | |
| ५ | स्पेक्टो फोटो मिटर | | |
| ६ | फ्लेम फोटो मीटर (एयर कम्प्रेशर,एल.पि.जी.ग्यास) | | |
| ७ | मेकेनिकल स्टीरर वीथ हट प्लेट | | |
| ८ | एनालाईटीकल बैलेन्स (४ डिजिज) | | |
| ९ | स्वाईल हाईडोमीटर | | |
| १० | स्वाईल थर्मोमीटरर | | |
| ११ | अटोमेटिक व्यूरेट | | |
| १२ | चालनी सेट १ | | |
| १३ | ग्लासवेयर | | |
| १३.१ | कोनिकल फ्लास्क | | |
| १३.२ | भोलोमेट्रिक फ्लास्क (१लि.,२लि., ५००एम.एल.,१००एम.एल., ५०एम.एल.) | | |
| १३.३ | ग्लास जार १ लीटर | | |
| १३.४ | मेजेरिङ्ग सिलिण्डर १०० एम.एल. | | |
| १३.५ | पिपेड/ग्रेजुवेटङ्ग १०एम.एल. | | |
| १३.६ | वल्व पिपेड (१०एम.एल.,२० एम.एल.) | | |

सचिव

प्रमुख सचिव

| क.सं. | यन्त्र उपकरणको विवरण | प्रविधिक मापदण्ड | कैफियत |
|---|---|---|---|
| १३.७ | प्लास्टिक बोतल १०० एम.एल | | |
| १३.८ | प्लास्टिक बोतल १०० एम.एल | | |
| १४ | **pH Meter:** | Bench Top Model.<br>Reliable design with highly stable and accurate result.<br>Range: 0 to 14.00 PH<br>Resolution: 0.01pH<br>Accuracy: +-0.01 pH +-1 Digit<br>Display: 3 ½ Digit LED<br>Temp. compensation: 0 to 100ºC<br>Power: 220-240V/50 Hz AC | |
| १५ | **Spectrophotometer** | Wave length range at least 400-700 nm<br>Absorbance range 0-1.9A<br>Concentration range 0-1.9 C<br>Transmittance range 0-100% T<br>With LED display.<br>Power: 220-240V/50 Hz AC | |
| १६ | **Digital Flame Photometer** | Range: Na: 0-100 ppm<br>K: 0-100 ppm<br>Sensitivity: Sodium (Na):-Max. 1.0 ppm<br>Potassium(K):- Max. 1.0 ppm<br>Display: LED display<br><br>Accuracy: +- 2% up to 40 ppm, +-5% above 40 ppm<br>Ignition system: Auto ignition<br>Measurement system: Measures one element at a time<br>Repeatability: +-2 counts<br>Detector: Silicon Photodiode<br>Filters: Narrow band interference glass filters<br>Nebulizer: Black Bakelite, axial flow type<br>Power: 220-240V/50 Hz AC | |
| १७ | **Distilled water plant** | Economy water distilator<br>Maximum outside dimension: 300*300*400 mm<br>Output: Atleast 1.5 liter/hr.<br>Include reservoir<br>External container made of plastic<br>Power: 220-240V/50 Hz AC | |

प्रमुख सचिव

| क.सं. | यन्त्र उपकरणको विवरण | प्रविधिक मापदण्ड | कैफियत |
|---|---|---|---|
| १८ | **Mechanical shaker** | Platform Size not less than250 x 250 x100 mm with adjustable for flask, bottle . With timer and speed regulator. Shaker body material:Plastic Power: 220-240V/50 Hz AC | |
| १९ | **Electronic Balance** | Electronic Balance for precision weighing of lab samples. Freely programmable weighing unit.<br>Display: Backlit LCD display.<br>Weighing range : 200g<br>Readout: 0.01g<br>Reproducibility: 0.01g<br>Linearity:+-0.02<br>Min piece weight:0.02 g/ piece<br>Power: 220-240V/50 Hz AC. Also must be operated by internal rechargeble battery back up. | |

प्रमुख सचिव